# राष्ट्रिय बाणिज्य बैंक लि. मुख्य शाखा कार्यालय काठमाण्डौंको नाममा गैह्र बैंकिङ्ग सम्पती शिर्षक अन्तर्गत रहेको सम्पत्ति लिलाम बिक्री गर्न शिलबन्दी बोलपत्र आव्हान गरिएको बारे १५ दिने सूचना ।

**(सुचना प्रकाशित मिति २०७९।०४।१६)**

यस बैंकको मुख्य शाखा कार्यालय काठमाण्डौंको नाममा गैह्र बैकिङ्ग सम्पत्ति शिर्षक अन्तर्गत रहेको देहायमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरीने हुंदा सो सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र मुख्य शाखा कार्यालय काठमाण्डौमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्नुहुन आब्हान गरिन्छ । प्राप्त बोलपत्रहरु मुख्य शाखा कार्यालय काठमाण्डौंमा १६ औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा दिनको २:०० बजे खोलिने हुंदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुनुहुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले वोलपत्र खोल्न बाधा पुग्ने छैन ।

## लिलाम हुने सम्पत्तिको विवरण

| सम्पत्ति धनीको नाम ठेगाना | सम्पत्ति रहेको ठेगाना | कि.नं | क्षेत्रफल | न्युनतम मुल्य |
|---|---|---|---|---|
| राष्ट्रिय बाणिज्य बैंक लि. मुख्य शाखा कार्यालय काठमाण्डौं | काठमाण्डौं म.न.पा.१३ | २४८ | ८३४ ब.मि. | **रु.१०,३५,००,०००।-** (अक्षरेपी दश करोड पैतिस लाख मात्र) |

शर्तहरु :

१) बोलपत्र फाराम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु.१,०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । फोटोकपि गरिएको फाराम मान्य हुने छैन ।

२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा सम्पत्ति धनीको नाम र लिन चाहेको सम्पत्तिको बिवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ, साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नुपर्नेछ ।

३) बोलपत्रको खाम बाहिर समेत सम्पत्तिको धनीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नुपर्नेछ ।

४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा फर्म/कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

५) बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयमा सण्ड्रि क्रेडिटर्स अन्य हिसावमा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा मुख्य शाखा कार्यालय काठमाण्डौंको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैंकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकको सुरक्षण पत्र वा Good for Payment Cheque /Managers Cheque अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६) लिलाम विक्री हुने सम्पत्ति निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र मुख्य शाखा कार्यालय काठमाण्डौंमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।

७) न्युनत्तम मूल्य भन्दा कम रकम उल्लेख गरी पेश भएका बोलपत्रहरु स्वत: रद्द हुनेछन् ।

८) बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिन भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ ।

९) बोलपत्र दाखिला भईसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म धरौटी रकम फिर्ता दिइने छैन ।

१०) रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।

११) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

१२) विक्री भएको सम्पत्ति नामसारी गर्ने क्रममा सम्वन्धित मालपोत कार्यालयमा तिर्नु पर्ने सम्पुर्ण कर लगायतको दस्तुर खरिदकर्ताले नै बुझाउनु पर्नेछ ।

१३) एक ब्यक्ति वा एकै परिवारबाट वा मिलोमतोबाट दुई वा दुईभन्दा बढी बोलपत्र पेश गरेमा लिलाम कारवाही जुनसुकै चरणमा रहेपनि उक्त बोलपत्रहरु बदर हुनेछन ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालय**
कर्जा अनुगमन तथा असूली विभाग
फोन नम्वर: ०१४२५२५९५ एक्सटेन्सन नम्बर २६२७